“कुर्कुच्चाहरूलाई नरकको आगोबाट जोगाऊ, वुजू राम्ररी पूरा गर।”

अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन् कि हामी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग मक्काबाट मदिना फर्किरहेका थियौं । बाटोमा पानी भेटिएपछि केही मानिसहरूले समय नजिकिँदै गर्दा हतार गरे र छिटो-छिटो वुजू गरे। हामी त्यहाँ आइपुग्दा उनीहरूको कुर्कुच्चोसम्म पानी नपुगेको (अर्थात् त्यो भाग सुक्खा रहेको) कारणले त्यो भाग स्पष्ट रूपमा देखिएको थियो।। यो देखेर अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: “कुर्कुच्चाहरूलाई नरकको आगोबाट जोगाऊ,
वुजू राम्ररी पूरा गर।”
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबा (साथी) हरूसँग मक्कादेखि मदीनासम्मको यात्रा गर्नुभयो। बाटोमा पानी भेटिएपछि केही साथीहरूले अस्रको नमाजको लागि हतारमा वुजू गरे, जसक्रममा तिनीहरूको कुर्कुच्चो सुक्खा र पानी नपुगेको स्पष्ट देखिन्थ्यो। यो देखेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "वुजू गर्दा कुर्कुच्चो धुन बेपर्बाही गर्नेहरूका लागि नर्कको दण्ड र विनाश छ।" तत्पश्चात् उहाँले तिनीहरूलाई पूर्ण रूपमा वुजू गर्न आदेश दिनुभयो।

http://www.sunnah.global/hadeeth/ne/show/66392